# स्थानीय सरकारको कृषि विकाशको अवधारणा

**छलफलका लागि मस्यौदा**

## १. परिचय

नेपालको संबिधानले स्थानीय तहलाई शक्तिशाली स्वायत्त सरकारको मान्यता प्रदान गरेको छ । संबिधानमै किटान भएका स्थानीय तहका २२ वटा अधिकार क्षेत्र भित्र रहेर प्रान्तिय तथा संघिय कानुनसँग नबाझिने गरि स्थानीय कानुन बनाउने र सोही आधारमा आवश्यक निति, रणनिति, मापदण्ड, नियमावली, योजना कार्यान्वयन र नियमन गर्ने थप दस्तावेज बनाई स्थानीय सरकारले् आफनो काम, कर्तव्य र अधिकारको निर्धारण आफै गर्ने अभिभारा पाएको छ । साथै यो राज्य सत्ताको श्रोत र शक्तिको बाँडफाँट गर्ने महत्वपुर्ण एकाइ बन्न समेत पुगेको छ ।

नेपालको संबिधान र संघिय कानुनले स्थानीय सरकारलाई अन्य बिषयगत क्षेत्रसगै भुमी, कृषि तथा पशु विकाशका लागि आवस्यक निति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्न आवश्यक दस्तावेज बनाउने र लागु गर्ने अधिकार दिएको छ । यि आधारहरु निम्न रहेका छन् ।

पहिलो, नेपालको संबिधान २०७२ को धारा ३६. खाद्य सम्बन्धी हक(१): प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक । (२) प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक ।

दोश्रो, संबिधानको धारा (४४,२ ५१ ङ, ज (१२) मा क्रमशः उल्लेखित प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र सरंक्षणको हक र कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप लवायुज र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने संबैधानिक व्यवस्था किटान गरिएको छ ।

तेश्रो, संबिधानको (धारा ४ ग) संबिधानको धारा(४) स्थानीय तहको अधिकार अनुसूची-८ को १५मा उल्लेखित कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पश स्वास्थ्य, सहकारी १८ मा उल्लिखित कृषि प्रशारको व्यवस्थापन, संचालन र नियन्त्रण विषयको अधिकार क्षेत्र र चौथो, नेपालको संविधानको धारा २९६ को उपधारा(१) वमोजिमको व्यवस्थापिका ‌सदले पारित गर्नस्तुतप बिधेयक ‌स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ मा गरिएको कार्यभारको बिस्तृतिकरण ।

यि संबिधन र संघिय कानुनमा गरिएका कृषि बिषयसग सम्बन्धित व्याख्यालाई आधार बनाई आफनो गाँउ/नगरपालिकाको दिगो कृषि विकाशको र कानुन यस कानुनको परिधि भित्र रहि आवस्यक निति, रणनिति, नियमावली, योजना र कार्यान्वयनको नियमन गर्ने व्यवस्था गरेर संबिधानको मर्म र नेपाली कृषिको भविस्यलाइ सुनिश्चित गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारमा थपिएको छ यसका साथै, आ-आफ्नो सामाजिक, सास्कृतिक, भौगोलिक तथा पर्यावरणिय बिशेषतामा आधारित भुमी, कृषि तथा पशु विकास कानुनको औचित्य तथा आवश्यकता र यो कानुनको क्षेत्र र सिमाको बिबेचना गर्ने निर्देशक सिद्धान्तको आधारमा स्थानीय कानुन बनाउन पर्ने छ । यस दस्तावेजमा यिनै बिषयलाई समेटी स्थानीय सरकारले अपनाउने कृषि विकाशको अवधारणाको मसौदा प्रस्तुत गरिएका छ ।

## २. स्थानीय सरकारले सम्बोधन गर्नुपर्ने कृषि क्षेत्रका मुख्य पक्षहरू

नेपाली कृषिको दीर्घकालीन रुपान्तरणका लागि तत्काल स्थानीय सरकारले कृषि विकाशको ऐन र यसका आधारमा कृषि क्षेत्रको संक्रमणको व्यवस्थापन कार्ययोजना बनाउन आवश्यक छ । यस्तो कार्ययोजनालै मात्र तत्काल स्थानीय सरकारले गर्नु पर्ने प्रथामिकताका महत्वपूर्ण सवाल र संरचनाको पहिचानसगै आवश्यक नीतिहरूको तर्जुमा गरी दीर्घकालीन कृषि विकासका आधारहरू तयार गर्नु पर्दछ । यस नेपालको सन्दर्भमा आफ्नै मौलिक बिशेषताहरुलाई आधार मान्दै तल उल्लेखित कृषि विकासका आयामहरूलाई आत्मसात गरि निर्देशक सिद्धान्त (सिमा र सम्भावना) निर्धारण गरि स्थानीय बिशेषताका आधारमा स्थानीय कानुन, निति र योजना बनाउनु पर्दछ ।

### २.१ गरिबी, खाद्यान्न अभाव र कुपोषणको सम्बोधन

नेपाल जस्तो मुलुकको कृषि विकासको प्राथमिकता गरिबी, खाद्यान्न अभाव र कुपोषणलाई सम्बोधन गर्ने हुनुपर्दछ । स्थानीय स्तरमा खाद्यका लागि कृषि प्रवर्द्धन गर्ने सोच बिना अहिलेकै अवस्थामा स्थानीय समुदायको भोक र रोगको समाधान सम्भव छैन । यसर्थ खाद्यान्न अभाव  भोगिरहेका लाखौं नेपाली किसानहरूको पहिलो आवश्यकता पेटभरि खान पाउने कुराको परिपूर्तिका लागि खाद्यमुखी कृषिमा जोड विकास दिनपर्दछ । साथै अहिले देखिएको विकराल खाद्यान्न आयातलाई प्रतिस्थापन गर्ने सक्षम कृषि प्रणाली विकास गर्ने कुरामा जोड दिनुपर्छ । खाद्यान्न बाहेकका अन्य कृषि उपजको प्रवर्द्धन गर्दा तुलनात्मक लाभका आधारमा यी उपजहरूको प्राथमिकता निर्धारण गरी प्रवर्द्धन कार्ययोजना बनाउनु पर्दछ ।

खाद्यका स्रोतहरूको विविधिकरण र प्रशोधित खाद्य परिकारको विकासमा ध्यान पुऱ्याउन जरुरी छ । अहिले प्रशोधित स्थानीय बालीहरूको परिकारको माग व्यापक देखिएको छ । उदाहरणका लागि स्थानीय मकैको कर्नफ्लेक्स र फापर तथा जौका पाउरोटी, केक बनाए विदेशबाट यी चिजहरू आयत गर्नुपर्ने थिएन ।

### २.२ खाद्य संस्कृति र स्थानीय प्रजाति प्रवर्द्धन

संबिधानमै मौलिक हकको रुपमा व्यवस्था गरिएको खाद्य अधिकार र खाद्य सम्प्रभुता एक आपसमा अन्योन्याश्रित सवाल हुन् । यिनलाई व्यवहारमा सम्बोधन गर्न स्थानीय खाद्य   प्रवर्द्धनकोच बिना सम्भव छैन । बढ्दो आयातित खाद्यान्नले हाम्रो खाद्य संस्कृतिमा मात्र प्रभाव पारेको छैन, यसले खाद्य अधिकार र सम्प्रभुताक सवाललाई कुण्ठित बनाउँदै लगेको छ तसर्थ यो कुरा आत्मसात गर्न खाद्य संस्कृतिको बारेमा व्यापक जनच  बढाउनु पहिलो आवश्यकता हो । प्लाष्टिक पोकामा आउने गुणस्तरहीन तयारी खानेकुराले मानव तथा वातावरणीय स्वास्थ्यमा प्रतिकूल असर पारेको छ । साथै अरबौंको धनराशी यस्ता खानेकुरामा खर्च भएको छ कम्तीमा स्थानीय सरकारले यस्ता आयातलाई निरुत्साहित गर्ने नीति तथा कानुन बनाउने सोच विकास गर्न जरुरी छ । यसको लागि स्थानीय उत्पादनको अनुसन्धान, खाद्य परिकारको प्रशोधन र स्थान विशेषका खाद्य परिकारको उपभोगमा जोड दिँदै यसका लागि आवश्यक प्राविधिक तथा सामाजिक विकालागि रणनैतिक आधार तयार गरिनु
पर्दछ ।

### २.३ नेपाली कृषि उत्पादनको तुलनात्मक लाभ वा प्रतिस्पर्धा

माथि भने झैँ नेपालको भौगोलिक अवस्था, कृषि जमीनको उत्पादनशीलता र जैविक विविधताले अन्य समतल मैदानी कृषि प्रणालीसँग यसको उत्पादकत्व र व्यावसायिक परिणाम दुवैमा प्रतिस्पर्धा हुन सक्दैन । स्थानीय उत्पादनको स्थानीय बजारमा हुने प्रतिस्पर्धा भने बेग्लै कुरा हो । यस्तो उत्पादनशीलताले अन्तर्राष्ट्रिय बजारमा मुनाफाका आधारमा गरिने प्रतिस्पर्धा गर्नै सक्दैन तसर्थ नेपालले कृषि विकासलाई तुलनात्मक लाभको आधारमा प्रस्तुत गर्नु पर्दछ । यसको अर्थ के हो भने नेपालको विविध तर विशिष्ट कृषि उत्पादनको प्रवर्द्धनको बेग्लै ढङ्गले हेरिनु पर्छ । नेपालका स्थानीय उत्पादनको  दिगो प्रवर्द्धन कृषिका मापदण्डमा तयार पारिनु पर्दछ जसले गर्दा स्थानीय उपभोगभन्दा बढी भएका यस्ता उत्पादनहरूले विशिष्टताका आधारमा तुलनात्मक रुपमा राम्रो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पाउन सक्छन् ।

नेपालको कृषि विकासको रणनीति निर्माण गर्दा छिमेकी मुलुकको र कृषि यसले अर्थतन्त्र नेपाली कृषिमा पर्ने प भावलाई नजरअन्दाज गर्न सकिँदैन । अहिलेको अवस्थामा भारत तथा चीनले गरेको कृषिको विकासक विश्लेषण बिना बढ्दो कृषिको विश्वव्यापीकरण र क्षेत्रीय व्यापारको सन्तुलन बुझ्न सकिँदैन । नेपालको कृषि अर्थतन्त्र यी ठूला छिमेकीको कृषि अर्थतन्त्रको तुलनामा निकै कमजोर भएकोले यसले उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्दैन तसर्थ नेपाली कृषि अर्थतन्त्रको ढाँचा विश्वव्यापी प्रतिस्पर्धामा भन्दा स्थानीय विशिष्टतामा आधारित तुलनात्मक लाभ लिने सोचबाट विकास गरिनुपर्दछ ।

व्यापारिक कृषिको ढाँचामा निर्यात बढाउने कुरा गरेर मात्र यसमा सन्तुलन गर्न सकिँदैन । यसका लागि नेपालमै उत्पादन हुन सक्ने कृषि उपजहरूले आयात प्रतिस्थापन गर्ने र तुलनात्मक लाभका कृषि उपजको निर्यात बढाउने सोचमा आधारित रणनीति बनाउनु पर्छ । अहिले खाद्यान्नका साथै गेडागुडी र तेलहनको व्यापक आयात बढेको सन्दर्भमा नेपालमा तुलनात्मक रुपमा सजिलै उत्पादन हुने यी बालीहरूको प्रवर्द्धन गर्ने रणनीति बनाउन ढिलो भइसकेको छ । यी खाद्य उपजको प्रतिस्थापनले मात्र अरबौं रुपैयाँको बचत हुने देखिन्छ ।

## २.४ भू-वितरण, उपयोग र भू-स्वामित्व

कृषि उत्पादनको महत्वपूर्ण आधार कृषि योग्य जमीन हो । कृषि योग्य वतरण जमीनका र स्वामित्वको सवाललाई बेवास्ता गरेर कृषि विकासको नीति र योजना बनाउने कुरा सम्भव छैन । यस सन्दर्भमा वि.स.२०२१ सालमा सुरु गरिएको भूमिसुधारको योजना अहिलेसम्म पनि पुरा हुन सकेको छैन । त्यसैले -अहिले, नेपालमा भू स्वामित्व, भूमिसम्बन्धी सुधार र कृषि विकासका मुद्दाहरू पेचिलो बनेर रहेका् छन त्यसैले पनि होला यो कुरा स्थानीय भन्दा प्रान्तिय र संघिय तहबाट संबोधन गर्ने प्रस्ताव गरिएको छ ।

यसअघि हुँदै आएका बहसमा जस्तो भूमि सुधारको मुद्दालाई केवल भूमिको पुनर्वितरण मात्र ठानिनु हुदैन महत्वपूर्ण चाहिँ हो । भूमिसुधार र कृषिसम्बन्धी सुधार दुवैको उद्देश्य बढीभन्दा बढी उत्पादन गर्ने र उत्पादन शीलता बढाउने तथा कृषि उत्पादनमा मुख्य शक्तिका रूपमा काम गर्ने साना किसान तथा भूमिहीनका लागि अधिकारको न्यायिक वितरण गर्नु हो । कृषिको विकास र भूमिसुधारका क्षेत्रलाई सिङ्गो-आर्थिक सामाजिक आधार र क्षेत्रसँग गाँसेर हेर्नुपर्छ ।

अहिलेको कृषिको मुख्य समस्या भनेकै खेतबारीमा काम गर्ने अधिक मानिस जसको जीविकोपार्जन यसैबाट ह उनीहरूसँग जग्गा नहुनु हो । जोसँग जग्गा छ तिनले खेतमा काम् गर्दैनन तर उनीहरूले नै उत्पादनको धेरै हिस्सा लैजान्छन्। आजसम्म नेपालमा भूमि हुनेखाने र माथिल्लो वर्गका सीमित वर्गलाई अतिरिक्त आम्दानीको स्रोत बढाउने माध्यम बनेको छ । यसले गर्दा उत्पादनको साधन जमीन र उत्पादनको श्रम कृषकलाई अलग राखिदिएको छ, यसको प्रत्यक्ष असर उत्पादनमा परेको छ । उत्पादन र उत्पादकत्व घट्नुमा यसको भूमिका महत्वपूर्ण छ । यसकारण कृषिको विकास गर्ने हो भने किसानले जग्गा पाउने गरी भूमि पुनर्वितरण हुनुपर्द यसो भयो भने मात्र भूमिसुधारले संस्थागत हिसाबले आर्थिक रूपान्तरणको जग बनाउनका लागि कृषिमा सुधार गर्न प्रमुख भूमिका निर्वाह गर्छ ।

बदलिएको सामाजिक आर्थिक परिवेशमा,-एकीकरणकाभू लागि उपयुक्त सोच सहित व्यावहारिक नीति तयार गर्ने र कृषि भूमि वितरणलाई प्रभावकारी ढङ्गले कार्यान्वयन नगरी कृषि विकास योजना सफल् हुन अर्को सक्दैन कुरा खेतीयोग्य जमीनको गैरकृषिकरण यतिखेर भूमिको पुनर्वितरण जत्तिकै पेचिलो बनेको छ । मलिला उपत्यका र नदी किनारजस्ता ठाउँमा सहर विस्तार भइरहेका छन् । अधिक उद्योगधन्दाहरू खेतीयोग्य र बजार सुलभ भएका क्षेत्रमा निर्माण भएका छन् । बढ्दो सहरी क्षेत्रको बसाइसराइले सहरी स्थान खासगरी मलिलो जमीनलाई दुईवटा असर पार्ने देखिन्छ । पहिलो यसले गर्दा मलिलो जमीनमा घर धेरै बन्ने भएकाले यसको अतिक्रमण हुनेछ । दोस्रो सहरमा अवसर बढी हुने हुनाले मानिसहरूको खोजी पनि त्यसै किसिमको हुन जान्छ । सहरमा आउने सबैले आफ्नो घर वा जमीन बनाउन सक्दैनन्। यसैले उनीहरू सुकुम्बासी रूपमा सार्वजनिक जग्गा र नदी किनारमा बस्न थाल्छन् । यसले सहर, खेतीयोग्य जमीन र सार्वजनिक जग्गा सबैलाई नराम्रो प्रभाव पार्छ ।

त्यस्तै पछिल्ला वर्षहरूमा जमीनको खण्डीकरण तीव्र भएको पनि देखिन्छ । जनसंख्या (परिवार वृद्धि संख्याको आधारमा दोब्बर), तीव्र सहरीकरण जस्ता कुराले पनि जमीन टुक्राउने काम बढाइरहेका् छन । यसलाई रोक्न खासै प्रयास भएको देखिँदैन । यस्तै, जमीनमा अनुपस्थित जमीनदारका जमीन, बाँझो जमीनको उपयोग के कसरी गर्न विषयमा पनि नयाँ नीति र कार्यक्रमको खाँचो छ ।

अर्को बिर्सन नहुने कुरा के छ भने, परम्परादेखि कृषिमा महिलाहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । आधुनिकीकरणसँगै पुरुषमुखी कृषि प्रविधिको विकासले कृषि कर्ममा महिलाहरूको महत्वपूर्ण भूमिका हुँदा कृषि क्षेत्रको स्वामित्व र पहुँचमा पुरुष नियन्त्रण् बढन गएको छ तर अहिले वैदेशिक रोजगारीका कारण महिलाहरूलाई कृषि क्षेत्रमा ठूलो बोझ आइपरेको छ । केवल खेतालाको रूपमा काम गर्ने महिलाहरूको जमिन तथा उत्पादनका साधन माथिको पहुँच तथा स्वामित्व सुनिश्चित गर्ने भन्ने कुरा महत्वपूर्ण बनेको छ । कृषि कर्ममा आफ्नो जीवन बिताउने महिला कृषकका सवालहरूको पहिचान र विश्लेषण नगरी तयार पारिने स्थानीय कृषि नीति र योजना किसानमुखी हुन सक्दैन । स्थानीय सरकारले अब बन्ने कृषि नीति कानुन र योजनामा यी सवालहरूको सम्बोधन नभई प्रभावकारी नहुने कुरालाई आत्मसात गरिनु पर्दछ ।

त्यस्तै, कृषि भूमिमा भइरहेको अनुत्पादक खण्डीकरणलाई निरुत्साहित गर्दै कृषिभूमिका उत्पादनशीलता बढाउन हदबन्दी भित्रको नीजि भूस्वामित्वको सुनिश्चितता कायम गरी कृषियोग्य भूमिको चक्लाबन्दी गर्न आवश्यक छ । यसका लागि अन्य मुलुकहरूमा गरिएका भूमिसुधारका अभ्यासहरूका अनुभवका आधारमा नेपाली परिवेशमा यसको संस्थागत विकास गर्न खोज तथा अनुसन्धानका आधारमा प्रभावकारी कार्ययोजना बनाउनु पर्दछ ।

### २.५ किसानको क्षमता, लगानी र उद्यमशीलता

कृषि पेशा निर्वाहमुखी, निमुखा र गर्न नसक्नेको काम भनेर लिइँदा यो दुःखको पर्याय मात्र बनेको छ । तु रुपमा श्रममा आधारित कृषि कर्म सम्मानित हुन सकेको छैन जसले गर्दा ठूलो संख्यामा नेपालीहरू स्वाभिमान गुमाउँदै ्छन।अधिकांशकोबुझाइमा श्रमिक वर्गलाई सामाजिक व्यवहारमा उपेक्षा गरिने र काम गर्दा सानो भइने मानसिकता छ । कृषि परम्परागत शैलीमा भएकोले पनि यो बोलीचालीमा गाह्रो र कष्टकर कामको रुपमा लिने गरिएको छ । कृषि कार्य सम्मानित सामाजिक उद्यमका रुपमा विकास नभएसम्म दिगो कृषिको विकार्स गने कुरा सम्भव छैन । नाफा कमाउनका लागि गरिने पश्चिमी शैलीको व्यापारिक कृषि मात्र विकल्पका रुपमा प्रस्तुत भइरहँदा जीवनयापनका लागि गरिने कृषिको सुधार र विकासमा उचित ध्यान पुगेको छैन साथै कृषि पेश सम्मानित हुन नसक्नुमा मुख्यतः कृषिलाई हेर्ने सामाजिक मनोविज्ञानकोपकप्रभावव्यरहेको छ । प्रारम्भिक शिक्षामा कृषि विषय समावेश नहुनु र शारीरिक श्रमलाई हेय दृष्टिले हेर्ने मानसिकता नहटेसम्म यो पे सम्मानित हुँदैन ।

नेपालको कृषि प्रवर्द्धनमा यस क्षेत्रमा भएको लगानीको प्रभाव एउटा महत्वपूर्ण सवाल हो । कृषिको विकास लागि ३ प्रतिशत पनि लगानी नभएको यो अवधिमा नेपालमा जमीनको किनबेचमा अरबौं रुपैयाको लगानी भएको छ । विशुद्ध नाफा कमाउने उद्देश्यबाट प्रेरित यस्तो लगानीले कृषि भूमिको मूल्य मात्र बढाएको छैन, क उत्पादनको लागत र कृषक समुदायको जमीन माथिको पहुँच घटाउँदै लगेको यसबाटछ।अर्कोअब खेतीकुरा गरेर खान सकिन्न भन्ने सामाजिक मनोविज्ञानसमेत विकास भएको छ तसर्थ यस्तो लगानीलाई निरुत्साहित गर्दै कृषि उत्पादनमा लगानी बढाउने आधारहरू तयार गर्नु आवश्यक छ ।

अहिले विशेष गरी व्यावसायिक कृषि भन्नासाथ बाहिरबाट सामग्री थपेर गरिने उत्पादन प्रक्रिया भन्ने सिकाई तथा बुझाइले यसलाई किसानले पूरै नयाँ सिक्नुपर्ने प्रणालीका रुपमा अघि सारिएको छ । अब बनाईने स्था कृषि विकाश योजनाले किसानहरूले आफैले गरिरहेकै कृषिलाई उनीहरूकै आत्मनिर्भरतामा यसको उत्प प्रवर्द्धन गर्न सकिन्छ भन्ने अनुभूति दिन आवश्यक छ ।

## २.६ भू-बनोट, ारिस्थितिकीयप प्रणाली र उपयुक्त कृषि प्रविधि

दिगो कृषिको पूर्वाधार भनेको उपयुक्त पारिस्थितिकीय प्रणाली र स्थानीय स्रोतको अधिकतम उपयोगमा आधारित हुनुपर्दछ तर विडम्बना हालसम्म नेपालमा नेपाली कृषिलाई रुपान्तरण गर्न स्थानीय अवस्थामा उपयुक्त कृषि प्रविधिको विकास हुनसकेको छैन । यसको मुख्य कारण हालसम्म पनि कृषिका योजना बनाउने कार्यलाई स्थानीय स्तरसम्म लैजाने सोच नपुग्नु नै हो ।  जैविक क्षेत्रका आधारमा स्थानीय स्तरमै कृषिका योजना बनाउन दृष्टिकोण बिना व्यवहारमा लागू गर्न सकिने कृषिको योजना बनाउन सकिँदैन तसर्थ अब बनाउने स्थानीय सरकारको रणनीतिले यस कुरालाई प्राथमिकताका साथ यस्ता प्रविधि साना किसानका आवश्यकतालाई सम्बोधन गर्ने सोचका आधारमा विकसित गरिनु  पर्दछ ।

कृषि विकासमा अनुसन्धानको महत्वपूर्ण योगदान हुन्छ । नेपालमा स्थानीय आवश्यकता र अवसरलाई सम्बोधन गर्ने गरी कृषि अनुसन्धान गर्ने कुरामा खासै ध्यान पुगेको छैन । अहिलेसम्म केही बालीका जातहरू सिफारिस गर्नेबाहेक स्थानीय बालीका प्रजाति, कृषि प्रविधि र माटोको गुणस्तर सुधारका लागि आवश्यक अनुसन्धान हुने गरेको छैन । अनुसन्धान, प्रसार र कृषि शिक्षाको अन्तर सम्बन्धले कृषि अनुसन्धानको प्रभावकारिता कस्तो छ भन सहजै यकिन गर्न सकिन्छ । नेपालमा यी तिनैवटा क्षेत्रको बीचमा तालमेल नभएको र यी कुनै पनि प्रभावकारी ढङ्गले काम नगरेको कुरा छर्लङ्गै छ । यी सवाल महत्वपूर्ण् र सबभन्दा छन पहिले अनुसन्धान गर्ने विषयवस्तु यिनको उपयोगिता र महत्वको बारेमा मसिनो लेखाजोखा जरुरी छ ।

तर यसपटकको सरकारका तहगत कार्यभारमा अनुसंधान र शिक्षालाई स्थानीय जिम्मेबारीमा राखिएको छैन । यसले अनुसंधान र शिक्षा माथीका र जान्ने सुन्नेले मात्र गर्ने कु हो भन्ने अर्थ लगाउन खोजिएको छ यो गलत छ । अनुसंधान, शिक्षा र प्रसारलाई एकिकृत रुपमा लिदै किसानलाई यि प्रकृयामा सामेल गराउनेसोच बनाउनु पर्छ ।

अब गरिने अनुसन्धानले मुख्य गरी माटोको उर्वरा बढाउने, जमीनमा आवश्यक खाद्य तत्व पुऱ्याउने र दिगो तरिकाले बोटबिरुवा तथा पशुपक्षीलाई आवश्यक खाद्य तत्व पुऱ्याउन विषयगत सवालहरूको आधारभूत अनुसन्धान गर्नु आवश्यक छ । यसरी गरिने अनुसन्धानको

जैविकढाँचा क्षेत्रका आधारमा वर्गीकृत गरी प्राथकिताका आधारमा तयार गर्न आवश्यक छ अन्यथा अनुसन्धानका लागि दिइएका सुझावहरू कार्यान्वयन गर्ने नसकिने जटिल प्रकृतिका हुन गइ कहाँबाट सुरु गर्ने भन्ने कुरामा नै अलमलिन पुग्दछ ।

साथै, जलवायु परिर्वतन कृषि क्षेत्रमा देखिएको मानव सिर्जित महत्वपूर्ण पर्यावरणीय चुनौती हो । कृषि प्रविधिहरूलाई जलवायुमा आएको परिवर्तनसँगै अनुकूलन नगरी अबको कृषि बचाउन कठिन छ । अहिले भएक कृषि प्रविधि र ढाँचाहरूलाई अनिश्चितता र जोखिमलाई व्यवस्थापन गर्ने स्थानीयतामा आधारित कृषि प्रणालीको रुपान्तरण मात्र एउटा बलियो विकल्प हो । यसो गर्न नसक्दा किसानहरू खेतीपातिको सम्भावित नोक्सानीका डरले खेती गर्न न्छोड बाध्य भएका छन्।

जलवायु परिवर्तनको जोखिमलाई कम गर्न कृषि क्षेत्रमा अनुसन्धानको टडकारो् खाँचो छ । अझ यसको लागि अहिले भए गरेको अनुसन्धानका कार्यहरू पर्याप्त मात्र हैन नि उपयुक्त छैनन्। प जलवायु परिवर्तनले पुऱ्याउने असर वा प्रभावहरूको आँकलन नगरी गरिने अनुसन्धानबाट आउने नतिजाहरूको आधारमा कार्यान्वयनमा लैजान सकिने कृषि विकासको ढाँचा तयार पार्ने सम्भावना न्यून रहन्छ । जलवायु जोखिमको उपयुक्त मूल्याङ्कन नभएसम्म जलवायु परिवर्तनलाई सम्बोधन प्रभावकारीगर्ने योजना र कार्यक्रम बनाउन असम्भव छ । समग्र रुपमा, अहिलेसम्म यसको प्रभावकारी मूल्याङ्कन भएको पनि छैन । यस्तो अवस्थामा जलवायुको कृषिमा पर्ने असर घटाउन योजना बेगर व्यवहारमा लागूगर्ने कार्ययोजना बन्नै सक्दैन तसर्थ स्थानीय सरकारले यस सवालको सम्बोधन ग निति बनाउन अपरिहार्य छ ।

माथि उल्लेखित सवालहरूलाई सम्बोधन गर्न तत्काल जैविक क्षेत्रका आधारमा अनुसन्धान केन्द्रहरूको स्थापना गरी किसानहरूले स्थानीय कृषि सम्वर्द्धन गर्दा भोग्नु परेका व्यावहारिक समस्याहरू समाधान गर्न किसान सम्मिलित सहभागी मूलक कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन आवश्यक छ । यसका साथै स्थानीय बालीको प्रशोधन, खाद्य परिकारको गुणस्तर वृद्धिका लागि आवश्यक अनुसन्धान तथा स्थानीय खाद्यान्नको गुण तथा पौष्टिकताबारे जनचेतना अभिवृद्धि गर्न सञ्चार माध्यमको परिचालन गर्नुपर्दछ । त्यसका साथै उपयुक्त बाली प्रणाली तथा कृषि प्रविधिको अनुसन्धान तथा उपयोग बढाउनु पर्छ ।

### २.७ उपयुक्त कृषि जनशक्ति र शिक्षा

नेपाली कृषि क्षेत्रको विकासमा अनुसन्धान सँगसँगै कृषि शिक्षा र प्रसारको महत्वपूर्ण योगदान हन्छ । व्यावहारिक कृषि विज्ञान जसले स्थानीय अवस्थामा कृषि प्रवर्द्धनको प्राविधिक सेवा प्रदान गर्न सक्षम कृषि प्राविधिक जनशत्ति तयार पार्न सकियोस्‌ तर विडम्बना हाम्रो कृषि शिक्षा र अनुसन्धान युरोप केन्द्रित लगानीको कृषि सोचमा आधारित छ । एकातर्फ कृषि जनशक्तिको व्यापक पलायन भइरहेको छ भने अर्कोतर्फ उपलब्ध कृषि जनशक्ति उपयुक्त र पर्याप्त छैन । कृषि शिक्षालाई व्यावहारिक, प्रयोगात्मक र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने ज्ञान, सीप विकास गर्ने सोचसहित परिमार्जन गर्न आवश्यक छ । यसका साथै किसानको खेतीबारीमा नै प्राविधिक सेवा पुऱ्याउने दृढता र सो अनुसारको उपयुक्त जनशक्ति निर्माणमा जोड दिनुपर्दछ ।

कृषि क्षेत्रबाट युवा किसान पलायन हुनुमा हाम्रो शिक्षा पद्धति जम्मेवार समेत छ । आधारभुत र माध्यामिक शिक्षामा कृषिलाई  प्रथामिकतामा राखी मानव जिवन, जिविका, आम्दानी र रोजगारीका लागि यसको योगदान, दिगो कृषि प्रणाली र खानेकुरा उत्पादनमा किसानको भुमिकाबारे सकरात्मक सोच विकास गर्न सघाउने निति र योजना अघि बढाउनु पर्दछ ।

### २.८ किसान वर्गिकरण, राज्य र बजारको दायरा

कृषि किसानहरुको सामाजिक उद्यमका साथै पर्यावरणीय सेवाको क्षेत्र हो । यसलाई राज्यले यसै सन्दर्भमा परिभाषित गरी कृषि क्षेत्रमा संलग्न उद्यमी र किसानलाई वर्गीकृत गर्नुपर्दछ । यस्तो वर्गीकरण सहित राज्यले साना तथा भूमिहीन किसानलाई कृषिसेवा तथा लगानीमा विशेष प्राथमिकता दिनुपर्दछ । कृषि उद्यमी जसलाई ठूला किसान पनि भनिन्छ उनीहरूका लागि लगानीको वातावरण बनाई नियमक र सहजीकरणको भूमिका निर्वाह गर्नुपर्दछ । खाद्यान्नका लागि राज्यले बजारलाई स्थानीय नियन्त्रणमा नियमन गर्नुका साथै कृषि सहकारीमार्फत बजार व्यवस्थापन गर्ने प्रणालीको विकास गर्नुपर्दछ तर खाद्यान्न बाहेकका तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धनका लागि खुल्ला बजारलाई गुणस्तरीय सेवाका आधारमा प्रतिस्पर्धात्मक बनाउनु पर्दछ ।

### २.९ कृषिको संस्थागत विकास

कृषि विकासको संस्थागत संरचना र यसको पृष्ठपोषण संयन्त्रले सरोकारवालाहरूको योजना, कार्यान्वयन, मूल्याङ्कन र अनुगमन जस्ता महत्वपूण खुटकिलामा् सक्रिय सहभागिता र योगदानको सुनिश्चितता बढाउँछ । यस अर्थमा अहिलेको कृषि विकासको संरचना समावेशी छैन । खासगरी स्थानीय कृषकहरूको कृषि विकास अनुगमन र पृष्ठपोषण गर्ने काममा कुनै योगदान छैन । अहिले कृषि क्षेत्रको व्यवस्थापन स्थानीय सरकारमा सरेको सन्दर्भमा स्थानीय सरकार मातहतका कृषिका प्राविधिक कर्मचारीको परिचालनको ठोस निति र योजना बनाउन आवस्यक छ ।

साथै, कृषि कार्यमा संलग्न किसान समुदाय र स्थानीय सरोकारवालाहरुको अनुगमन र पृष्ठपोषणमा दिने योगदान संयन्त्र बनाउनु आवश्यक छ । यस्तो संयन्त्रले अहिले भएगरेका कार्यहरूको सहभागितात्मक समीक्षा मात्र हुँदैन बरु यसले स्थानीय पर्यावरणीय ज्ञानपद्धति र त्यसको अभ्यासहरूको दोहोरो संवाद बढाउन योगदान पुऱ्याउँछ । जुन कुरा हुन नसक्दा आजसम्म बनेका नीति र कार्यक्रमहरू विज्ञहरूका किताबी ज्ञानमा मात्र भर पर्न गई कार्यान्वयन गर्नै नसकिने बन्न पुगेका् छन । कृषि जस्तो स्थानीय

क्रियाकलापलाई प्रवर्द्धन गर्न केन्द्रिय स्तरमा योजना बनाउने सोच आफैमा गलत छ । केन्द्रिय वा प्रान्तिय स्तरमा केवल स्थानीय कृषि योजना सफल बनाउने सहजीकरणको रणनैतिक आधार र स्थानीय योजनाहरूलाई प्रोत्साहित गर्ने तथा स्थानीय विविधताबाट एकआपसमा सिकाइ बढाउन उपयोगी ढाँचाको रुपमा मात्र लिइनुपर्दछ ।

साथै कृषि तथा पशु सेवा केन्द्रहरू स्थानीय किसानहरूको प्रत्यक्ष व्यवस्थापनमा सञ्चालन हुनुपर्दछ । यसले मात्र यी सेवाकेन्द्रहरूलाई किसानप्रति उत्तरदायी बनाउनुका साथै स्थानीय स्रोत साधनको परिचालन गरी कृषि कार्यलाई प्रभावकारी बनाउन मद्दत पुग्छ । हाम्रो देशका विद्यालय र स्वास्थ्य केन्द्रहरूमा भएका प्रावधानहरू समीक्षा गरी किसानको निर्णायक सहभागिता बढाउनु पर्छ ।

## ३. दीर्घकालीन कृषि विकाशको ढाँचा

माथी उल्लेखित आयामहरुको स्थानीय उपयुक्ततालाई विश्लेषण गरि स्थानीय सरकारको निति, ऐन, मापदण्ड, योजना कार्यान्वयन र नियमनको ढाँचा तयार गर्नु पर्छ । यस्तो ढाँचा तयार गर्दा स्थानीय सन्दर्भ, कृषि क्षेत्रको वासलात, स्थानीय बिशेषतामा आधारित खाद्य सस्कृति तथा कृषि प्रणाली साथै अन्य अवसर तथा जोखिमको उचित मुल्यांकन गर्नु पर्दछ ।

### ३.१ स्थानीय सरकारको कृषि विकासको दिर्घकालिन सोच

आधारभूत दिगोपनको सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय स्रोत तथा प्रविधिमा आधारित दिगो कृषि प्रणालीको ढाँचा निर्माण गर्नु स्थानीय सरकारको दीर्घकालीन सोच हुनेछ साथै यस्तो ढाँचा निर्माण गर्दा-राजनैतिक भूपरिस्थिति, जैविक विविधता, खाद्य संस्कृति, खाद्य तथा पोषण सुरक्षा जस्ता सामाजिक आयामहरूको लेखाजोखा गरी खाद्य सम्प्रभुताको सुनिश्चितता गर्दै खाद्यकालागि कृषि र तुलनात्मक लाभका कृषि उपजको व्यावसायिक उत्पादन बढाउनेमा जोड दिने खालको हुनुपर्दछ ।

### ३.२ उद्देश्यः

- विविधतामा आधारित आधारभूत खाद्य वस्तुको स्थानीय तहमै उत्पादन वृद्धि गर्ने,
- तुलनात्मक लाभका कृषि उपजको उत्पादन वृद्धि र निर्यातप्रवर्द्धन गर्ने,
- दिगो पर्यावरण, जैविक विविधता र बहुसंख्यक किसानका
- व्यावहारिक समस्याहरू सम्बोधन गर्ने कृषि शिक्षा र प्रविधिको विस्तार गर्ने, र
- बहुसङ्ख्यक विशेषगरी साना किसानका हितको संरक्षण र त्यस्ता किसान मैत्री कृषिसेवा संयन्त्र निर्माण र सुदढीकरण गर्ने ।

### ३.३. निर्देशक सिद्धान्तहरु

- भूमि लगायत अन्य उत्पादनशील प्राकृतिक स्रोतको न्यायोचित पुनर्वितरण गर्ने, यसो गर्दा कृषि भू आकार वृद्धि तथा नीजि स्वामित्व कायम रहने गरी आवश्यक नीतिगत निर्णय र कार्यान्वयनका प्रभावकारी संयन्त्रको निर्माण गर्ने । कृषियोग्य भूमि बाँझो नरहने नीतिगत गर्ने,व्य विशेषगरी स्था अन्न उत्पादनशील भूमिको अन्य उपयोगमा प्रयोग निरुत्साहित गर्ने ।
- नेपालका कृषि पर्यावरणीय क्षेत्रको आँकलन र विशेषताहरू परिभाषित गरी त्यसका आधारमा स्थानीय कृषि योजनाहरू बनाई प्रभावकारी कार्यान्वयन गर्ने । जैविक क्षेत्र अनुसार आयात प्रतिस्थापन र निर्यातक दृष्टिले उपयुक्त बालीहरूको सूची निर्माण गरी बाली विशेष अनुसार उत्पादन, प्रशोधन र बजारको व्यवस्था गर्ने ।

- सजिलो प्रविधि र कम लागतले धान्ने बाली तथा वस्तुभाउको उत्पादन बढाई आयात प्रतिस्थापनमा जोड दिने । साथै साना किसान विशेष गरी महिलाको कार्यबोझ कम हुने समानाध्यमिक तथा प्रविधिको विकासमा जोड दिने ।
- स्थानीय तथा परम्परागत ज्ञानमा आधारित कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई
- प्रभावकारी समन्वय संयन्त्र निर्माण गरी व्यवस्थित गर्ने । आवश्यक उपयुक्त कृषि जनशक्ति तयार पार्न कृषि शिक्षालाई स्थानीयतामा आधारित कृषि ज्ञान, सीप र धारणा विकास गर्ने पद्धतिको रुपमा परिमार्जन गर्ने । एकीकृत खेती प्रणाली, कृषि वन प्रणालीको विकास, स्थानीय बाली तथा वस्तुभाउको बीजवृद्धि र नश्ल सुधार, माटोको गुणस्तर वृद्धि, जैविक मल तथा एकीकृत रोग तथा किरा नियन्त्रण जस्ता प्राविधिक विषयको अनुसन्धानमा जोड दिने, विशेष गरी पश व्यवस्थापन र त्यसको उपादकत्व, घुम्ती बाली र घुसुवा बाली प्रणालीको प्रभावकारी अनुसन्धान र कार्यान्वयन गर्ने ।
- नेपालको कृषिमा किसानका तहमा जलवायु परिवर्तनका ठोस असरहरूको अध्ययन गरी अनुकूलन प्रविधिहरूको विकास र विस्तार गर्ने ।
- एकल बालीको सट्टा बहुबाली तथा एक वर्षीकोबाल सट्टा बहुवर्षे, रैथाने बाली तथा स्थानीय पशु प्रवर्द्धन गर्ने । सामान्यत निम्न बाली तथा वस्तु भाउको बीज वृद्धि, नश्ल सुधार र उत्पादनमा जोड दिने

    रैथाने खाद्य, तरकारी बाली र वस्तुभाउ
    बहुवर्षे खाद्य तथा फलफूल बाली
    कम स्याहारमा उत्पादन दिने बाली तथा वस्तुभाउ
    आयात प्रतिस्थापन गर्ने कृषि उपजहरू

- वित्तीय संस्थाहरूलाई कृषिमा लगानी गर्न थप प्रोत्साहन गर्ने र कृषियोग्य भूमिको अन्य प्रयोग हुने निरुत्साहित गर्ने ।
- हैसियत बिग्रिएका वन क्षेत्रको पुनर्स्थापना समेत हुने गरी कृषि वन प्रणालीको विकास गरी उपयोग भूमिहीन तथा वञ्चित समुदायलाईत साहित प्रा गर्ने । प्राकृतिक वातावरण र जनस्वास्थ्यमा हुन सक्ने हानी समेत विचार गरी सम्भव भएसम्म कम बाहिरी स्रोत लगानी हुने कृषि प्रणाली र कार्यक्रमहरू अपनाउने ।
- कृषिको संरचनाका हरेक तहमा किसान प्रतिनिधिहरू रहने पृष्ठपोषण पद्धतिहरू निर्माण गर्ने ।
- विद्यालय तहको उपयुक्त पाठ्यक्रममा नेपालका कृषिका विशेषता, सम्भावना र आफूले उत्पादन ज्ञान लिनुको महत्व र खानेकुराको विषय समावेश गर्ने ।
- उत्पादनपछिका प्रक्रियाहरू जस्तै प्रशोधन, भण्डारण र स्थानीय बजार संयन्त्रलाई व्यवस्थित र प्रभावकारी बनाउने ।
- उदाहरणीय प्रयत्नहरुको प्रवर्द्धन र सुरुवात गर्नेहरुलाई प्रोत्साहन गर्ने ।

## खाद्यका लागि कृषि अभियान

*यो अभियान महिला, साना र भूमिहीन किसानका खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरुमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उत्पादक किसान संगठनहरु, गैरसरकारी क्षेत्र र नागरिक समाजको साझा मञ्च हो । यो अभियान सबै नागरिकको स्वच्छ र स्वस्थ खानाकालागि दिगो कृषि विकासमा समर्पित छ ।*